जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०७/१४ गते शुक्रबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक
२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक
३. प्रहरी उपरिक्षक, श्री उमाशंकर पंजियार, जिल्ला प्रहरी कार्यालय, सिरहा
४. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा
५. उप. अनु.निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा
६. समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा
७. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा
८. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा
९. नि.का.प्रमुख, श्री भोला प्रसाद साह, जिल्ला आयुर्वेद स्वास्थ्य कार्यालय, सिरहा
१०. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा
११. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा
१२. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. DCCMC बैठकका पूर्व निर्णयहरुको कार्यान्वयन प्रगति एवम् COVID-19 जोखिम न्यूनीकरण सम्वन्धी विद्यमान अवस्था वारे छलफल भयो ।

२. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परीक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु | म | ज | | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ७९६७ | ११५ | ५११. | ४६ | ५५७ | ९०५ | ११११६ | १११८० | १४७९ | ५५७ | ९०५ | १७ | ३४३० | |

प्रमुख जिल्ला अधिकारी

३. गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा) को च.नं. ६४ मिति २०७७/०७/१३ को पत्रबाट शितलहरको पूर्व तयारी सम्वन्धमा शीतलहरको असर न्यूनीकरणका लागि पूर्वतयारी गर्ने प्रयोजनका लागि राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम खर्च गर्न र पछि कार्यकारी समितिको बैठकबाट समर्थन गर्ने गरी जिल्ला विपद् व्यवस्थापन कोषमा रकम निकासा गरिएको साथै सोही सम्वन्धमा यस वर्ष पनि शीतलहरबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्नकालागि जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी जोखिम संभावित स्थानहरुमा यसको असर न्यूनीकरण गर्न स्थानीय विपद् व्यवस्थापन समितिले गर्नु पर्ने पूर्वतयारीका सम्वन्धमा समेत छलफल गरी गराई पूर्वतयारीका कार्यक्रमहरु कार्यान्वयन गर्ने/गराउने व्यहोरा बैठकमा अवगत भयो । शीतलहरको समयमा शीतलहरका कारण कोभिड-१९ संक्रमण बढ्न सक्ने भएकोले यसतर्फ सवै सचेत रही जिल्ला स्तरीय कार्ययोजना बनाउने साथै स्थानीय तहले तत् सम्वन्धि कार्ययोजना बनाई पूर्व तयारी गरी बैठकमा पेश गर्न अनुरोध गर्ने ।

शित लहरको जिल्ला स्तरिय कार्ययोजना बनाउन देहायअनुसारको जिल्ला स्तरिय समिति गठन गरियो ।

| | |
|---|---|
| प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा ब्यारेक, सिरहा | - संयोजक |
| स.प्र.उ.,श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण, हे.क्वा.सिरहा | - सदस्य |
| प्रमुख, श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा | - सदस्य |
| प्रमुख,श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा | - सदस्य |
| प्रतिनिधि,श्री देव कुमार यादव,नेपाल पत्रकार मंहासंघ | - सदस्य |

४. सिरहा कारागारमा विगतमा ५०७ जनामा कोभिड-१९ संक्रमण हुन गई हाल पनि ४३४ जनाको तथ्याङ्क रहन गएकोमा यसमा सरकारी मापदण्ड र प्रकृया अनुरुप-सिरहा अस्पताल र स्वास्थ्य कार्यालयले एकिन गरि तथयाङ्क अध्यावधिक गर्ने ।

५. २०७७ को बडा दशैं लगतै दिपावली/तिहार, छठ, कमला नदिमा लाग्ने पूर्णिमा मेला लगायतका चाडपर्व पनि कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न घर घरमै बसि मनाउन अनुरोध गर्ने तथा यस सम्वन्धि उपयुक्त आदेश जिल्ला प्रशासन कार्यालयले जारी गर्ने ।

६. सिरहा अस्पतालबाट हाल संचालित सिरहा क्याम्पसको छात्राबास र महेन्द्र गेनाई अस्पताल स्थित आईसोलेसन,माडर स्थित होल्डिङ्ग सेन्टर र स्थानीय तहमा निर्धारित क्वारेन्टिनलाई व्यवस्थित तुल्याई-सिरहा अस्पताल, सिचुएसन सेन्टर र स्वास्थ्य कार्यालय, सिरहाले अध्यावधिक विवरण दैनिक रुपमा प्रतिवेदन गर्ने ।

७. होम आईसोलेसनमा बसेकाहरुको विवरण एवम् स्थिति वारे स्वास्थ्य कार्यालयले मापदण्ड/प्रोटोकल समेतको अनुगमन गरी गराई प्रतिवेदन गर्ने कार्यलाई निरन्तरता दिने ।

८. प्रदेश सरकारको सहयोगमा जिल्ला प्रशासन कार्यालय मार्फत सिरहा अस्पतालका लागि हालै व्यवस्थित हुने भएको ICU कक्षमा ५ बेड, ५ मोनिटर र २ Ventilator लाई सिरहा अस्पतालले हेरी जाँची संचालनमा ल्याउने ।

९. सिरहा अस्पतालका लागि प्रदेश सरकारबाट PCR ल्याव संचालनमा ल्याउन टेण्डर भएकोमा चाहिने सबै उपकरण उपलब्ध गराई संचालन हुने सुनिश्चित्ताकालागि पुन: प्रदेश नं. २ को मुख्य मन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

१०. सिरहा अस्पताल र लहान अस्पतालले टेण्डर लगाएको १/१ शव बाहन स्वीकृत टेण्डरदाता मार्फत तुरुन्त ल्याई संचालनमा ल्याउने ।

११. कोभिड-१९ संक्रमण भई मृत्यु भएका व्यक्तिको शव छिमेकी जिल्लाका अस्पतालमा रहने, कतिपय शव समयमै ल्याउन शव बाहन खर्च कस्ले व्यहोर्ने भनी ढिलाई हुने र यस सम्वन्धि यथार्थ सूचना प्रवाहमा पनि कठिनाई हुने स्थितिलाई अन्त्य गर्न ;

- शव ल्याउन लाग्ने खर्च मृतकका आफन्तले व्यहोर्ने, नसक्ने भए सम्वन्धित स्थानीय तह (न.पा./गा.पा.) ले व्यहोर्ने, स्थानीय तहले नै शव गाड्ने स्थान निर्धारण गर्न र खाडल खन्ने पुर्ने कामका लागि स्काभेटर व्यवस्थापन गर्न जिल्ला समन्वय समितिको कार्यालय मार्फत समेत सबै (१७) स्थानीय तहलाई अनुरोध गर्ने । यसमा प्रहरी निकायले सुरक्षा समन्वय एवम् नेपाली सेनाले शव व्यवस्थापन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

➢ अन्य जिल्लामा मृत्यु भएका कोभिड-१९ संक्रमितको शव सम्वन्धि सूचना जिल्ला स्वास्थ्य कार्यालयले समयमै उपलव्ध गरी जिल्ला/स्थानीय स्तरमा प्रवाह गर्ने।

यसका लागि स्वास्थ्य कार्यालय, सिरहाले सम्पर्क व्यक्ति तोकी निजको दर्जा, नाम थर र सम्पर्क नम्वर तथा ईमेल आसपास जिल्लाका अस्पताल समेतमा तुरुन्त उपलव्ध गराई सिरहा जिल्ला स्थित सुरक्षा निकाय तथा सबै (१७) स्थानीय तह समेतमा सूचित गर्ने।

१२. जिल्ला आयुर्वेद अस्पताल तथा आयुर्वेद समाज -सिरहाले नि:शुल्क योग शिविरका साथै रोग प्रतिरोधी क्षमता बढाउन आवश्यक औषधी जस्तै : अश्व गंधा चुर्ण, त्रिकट्टु चुर्ण, गुडुची चुर्ण, जडिवुट्टी तुलसि चियाँ, चमन्वयप्रास अवलेह आदी ;

- सिरहा कारागराका बन्दी

  एवम्

- सिरहा अस्पतालबाट संचालित आईसोलेशन केन्द्रको कोभिड-१९ संक्रमित बिरामीहरुलाई वितरण गर्ने।

१३. कोभिड -१९ संक्रमण प्रभावित/लक्षण देखिएका व्यक्तिहरु समेतको परिक्षणको दर र दायरा बढाउन सबै (१७) स्थानीय तह र स्वास्थ्य निकायले समन्वयात्मक रुपमा काम गर्ने।

१४. शेर गण चोहर्वा ब्यारेकको प.सं. ७१४२/कार्य/३०/०७७/७८/२२ मिति २०७७/०६/२३ को प्राप्त पत्रबाट विपद् व्यवस्थापनकालागि शेरगण चोहर्वामा रहेका ३ (तिन ) मोटर तथा रबर बोटहरुलाई मुसा/किराले काट्न सक्ने भएकोले सुरक्षित स्टोरमा भण्डारण गरी राख्नलाई लम्वाई ६ फिट, चौडाई ३ फिट र उचाई ३ फिट भएको ३ थान टिनको बाकसको आवश्यक्ता रहि अनुरोध भई आएको हुँदा सो टिनको ३ थान बाकस जिल्ला विपद् व्यवस्थापन समितिको कोषबाट खरदि गरि हस्तान्तरण गर्ने।

१५. जिल्लामा हाल ज्वरोको बिरामी बढिरहेको हुँदा सिरहा अस्पताल, लहान अस्पतालमा ज्वरोको जाँच गरिदै आएकोमा शंकास्पद बिरामी/व्यक्तिहरुबाट PCR स्वाब संकलन तथा जाँचको लागि प्रदेश जन स्वास्थ्य प्रयोगशाला/राजविराज अस्पतालमा पठाउने। यसमा स्वास्थ्य कार्यालय-सिरहा समेतले सहयोग गर्ने।

१६. सबै स्थानीय तह (१७) ले कम्तिमा हप्ताको १ पटक फ्रन्टलाईन स्वास्थ्यकर्मी/कर्मचारी र शंकास्पद व्यक्तिहरुको PCR स्वाब संकलन तथा जाँचको लागि प्रदेश जन स्वास्थ्य प्रयोगशाला/राजविराज अस्पतालमा पठाउने व्यवस्था हुन लेखि पठाउने।

२०७७/०७/१४

प्र.जि.अ.

प्रमुख जिल्ला अधिकारी